भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः ११२, बैठक मितिः २०८२।०८।२८ गते, दिनको– १ बजे)

| क.स | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | १११औं नगर कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा । | भरतपुर महानगरपलिका नगर कार्यपालिकाको मिति २०८२/०७/२५ गते बसेको १११औं बैठकका निर्णयहरूको समीक्षा गर्दा निर्णय कार्यान्वयन प्रक्रिया सन्तोषजनक रहेको पाईयो । |
| २. | १८औं नगर सभा अधिवेशन सम्बन्धमा । | भरतपुर महानगरपालिकाको १८औं नगर सभा अधिवेशन सम्वत २०८२/०९/०८ गते भरतपुर महानगरपालिकाको नयाँ प्रशासनिक भवनको सभा हलमा बिहान ११ बजे सञ्चालन हुने व्यहोरा जानकारी भयो । साथै, नगर सभा लाई व्यवस्थित, सभ्य र भव्य रुपमा सम्पन्न गर्ने । |
| ३. | भरतपुर महानगरपालिका होमस्टे सञ्चालन तथा व्यवस्थापन (कार्यविधि सम्बन्धी) ऐन, २०८२ १८औं नगर सभा समक्ष पेश गर्ने सम्बन्धमा । | विधायन समितिबाट सिफारिस भई आएको *भरतपुर महानगरपालिका होमस्टे सञ्चालन तथा व्यवस्थापन (कार्यविधि सम्बन्धी) ऐन, २०८२* १८औं नगर सभा समक्ष स्वीकृतिका लागि पेश गर्ने । |
| ४. | भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७८ (प्रथम संशोधन २०८२) १८औं नगर सभा समक्ष पेश गर्ने सम्बन्धमा । | विधायन समितिबाट सिफारिस भएको भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७८ (प्रथम संशोधन २०८२) १८औं नगर सभा समक्ष स्वीकृतिका लागि पेश गर्ने । |
| ५. | मेलमिलापकर्ता चयन गर्ने सम्बन्धमा । | भरतपुर महानगरपालिका मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि, २०८१ बमोजिम सिफारिस भएका देहायका व्यक्तिहरुलाई भरतपुर महानगरपालिकाको मेलमिलाप केन्द्रका मेलमिलापकर्ताको रुपमा चयन गर्ने ।<br>देहाय<br>सि.नं. — नाम,थर — ठेगाना<br>१. — मुक्तिनाथ अधिकारी — भरतपुर-५,चितवन<br>२. — हरिशरण श्रेष्ठ — भरतपुर-२, चितवन<br>३. — पार्वती कँडेल — भरतपुर-७,चितवन |

| | | |
|---|---|---|
| ६. | पार्वतीपुर उपभोक्ता तथा सरसफाई समितिको लागी जग्गा व्यवस्थापन सम्बन्धमा । | पार्वतीपुर खानेपानी उपभोक्ता तथा सरसफाई समितिले खानेपानी ट्याङ्की निर्माणको जग्गा माग भएको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न देहाय बमजिमको कार्यदल गठन गर्ने ।<br>देहाय<br>श्री सन्तोष आचार्य, सि.डि.ई.- संयोजक<br>श्री सबिना कोइराला, वडा सचिव वडा नं. २१- सदस्य<br>श्री पार्वतीपुर खानेपानी उपभोक्ता तथा सरसफाइ समितिका अध्यक्ष- सदस्य<br>श्री विकास देवकोटा, सहायक नापी अधिकृत- सदस्य-सचिव |
| ७. | "घ" वर्ग को निर्माण इजाजत तथा ठाउँसारी सम्बन्धमा । | *भरतपुर महानगरपालिकाको "घ" बर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यबिधि, २०७४* बमोजिम को सिफारिस समितिबाट सिफारिस भएका तपसिलका फर्म/कम्पनीहरुको दर्ता इजाजत र ठाउँसारी स्वीकृत गर्ने । |
| ८. | विविध । | |
| क. | असाधारण बिदा स्वीकृत सम्बन्धमा | भरतपुर महानगरपालिकामा कार्यरत सि.अ.न.मी, ज्योति बराल आफ्नो सन्तानको अटिजम सम्बन्धी उपचारको लागि देश बाहिर रहँदा सञ्चित बिदा सकिएकोले थप उपचारको लागि आवश्यक ६(छ) महिनाको असाधारण बिदा स्वीकृत गर्ने । |

| क.स. | फर्मको नाम | ठेगाना | निर्णय/कैफियत |
|---|---|---|---|
| १ | रुद्र भवानी कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | भ.म.न.पा.-१, चितवन | नयाँ दर्ता |
| २ | जन कन्स्ट्रक्सन प्रा.लि. | भ.म.न.पा.-१२, चितवन | ठाउँसारी (काठमाडौं बाट भरतपुर) |

भरतपुर महानगरपालिका
नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु
(बैठक सङ्ख्याः ११२, बैठक मितिः २०८२।०८।२८ गते, दिनको– १ बजे)

| | | |
|---|---|---|
| ख. | जेट-बोट सञ्चालन व्यवस्थापन सम्बन्धमा । | राजश्व परामर्श समितिले मिति २०८२/०७/२५ गतेको बैठकबाट वडा अध्यक्ष श्री विष्णुराज महतोको संयोजकत्वमा गठित जेट-बोट सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यदलले पेश गरेको अध्ययन प्रतिवेदन स्वीकृत गर्ने । साथै, पुरानो ठेक्का सम्झौताको म्याद २०८२ फाल्गुण मसान्तमा समाप्त हुने हुँदा म्याद समाप्त भएपछिको लागि के कसरी अगाडि बढ्ने हो राजश्व परामर्श समितिको सिफारिस बमोजिम नयाँ प्रकृया अगाडि बढाउने । |
| ग. | देवघाट बसपार्क ठेक्का व्यवस्थापन सम्बन्धमा । | देवघाट स्थित बसपार्क र शौचालय निर्माण सम्पन्न भइसकेकोले सञ्चालनको लागि राजश्व आय ठेक्का व्यवस्थापन प्रक्रिया अगाडि बढाउने । |
| घ. | IEE प्रतिवेदन सम्बन्धमा । | प्रारम्भीक वातावरणीय परीक्षण (IEE) समितिबाट सिफारिस भएका देहाय अनुसारका IEE प्रतिवेदन स्वीकृत गर्ने ।<br><u>देहाय</u><br>क. १७ किलोबाट मौला जाने बाटो वडा नं. २९<br>ख. कमलपुर जलदेवी स्थानदेखि दोभान खोलासम्म जाने बाटो वडा नं. २९<br>ग. कुसुमटार-ढोडेनी सडक<br>घ. आउसरा ठूलोढाप-सानोढाप सडक<br>ङ. रिग्दी खोलाबाट नदीजन्य पदार्थ व्यवस्थापन |
| ङ | वडा नं २१ को व्यवसायिक भवन बहालमा लगाउने सम्बन्धमा । | राजश्व परामर्श समितिले सिफारिस गरे बमोजिम कार्यदलको प्रतिवेदन अनुसार वडा नं २१ स्थित व्यवसायिक भवन बहालमा लगाउने प्रक्रिया अगाडि बढाउने । |
| च. | ६ नं. वडा कार्यालय भवन व्यवस्थापन सम्बन्धमा । | ६ नं. वडा समितिबाट सिफारिस अनुसार अरुणोदय मा.वि. को साबिक गितानगर गा.वि.स. वडा नं. १, कि.न. १३२२, ज.वि. ०-८-२.२५ को उत्तर तर्फ बाट ०-५-० (पाँच कठ्ठा) मा नयाँ वडा कार्यालय भवन निर्माण गर्न स्वीकृति दिने । साथै, उक्त भवन तयार नहुँदा सम्म सिद्देश्वर शिवालय मन्दिर को अतिथि भवन आवश्यक मर्मत गरी वडा कार्यालय सञ्चालन गर्ने । |

| | | |
|---|---|---|
| छ. | पत्राचार सम्बन्धमा । | भरतपुर महनगरपालिका वडा नं.१ र वडा नं. ३ मा रहेका सार्वजनिका जग्गामा देहायका निजी व्यक्ति वा संस्थाहरुले सरकारी स्वीकृति बेगर आफूखुसी अतिक्रमण गरी अनाधिकृत भवन संरचना निर्माण गरी निजी उपयोग गर्दै आएकोमा *भरतपुर महानगरपालिका नगर कार्यपालिकाको ९३औं मिति २०८०/१२/१५ गतेको बैठकको निर्णय अनुसार* उक्त भवनहरु तालावन्दी गरी आएको छ । मुलुकी देवानी संहिता २०७४ को दफा २९९ वमोजिम ऐलानी पर्ति जग्गा, कसैको नाममा नरहेको जस्ता जग्गाहरु सरकारी सम्पत्ती मानिने हुनाले ऐ. संहिताको दफा ३०४ वमोजिम उक्त जग्गाहरु (सार्वजनिक सम्पत्ती) संरक्षण गर्ने दायित्व जिल्ला प्रशासन कार्यलय र स्थानीय तह को हुने देखिन्छ । यस्तो सम्पत्ती कसैले आफ्नो नामामा दर्ता गर्न नहुने, दर्ता गरे गराएमा स्वत: बदर हुने कानुनी व्यवस्था छ । ऐ. संहिता को दफा ३०६ बमोजिम यस्ता सम्पत्ती वा जग्गा आफ्नो कब्जामा राख्न वा आबाद गर्न समेत हुँदैन । कसैले गैर कानुनी तवरले जग्गा आफ्नो कब्जामा राखेमा सरकारी जग्गाको हकमा मालपोत कार्यालयले र सामुदायिक जग्गाको हकमा स्थानीय तहले जग्गा छुट्याई जग्गा खाली गराई दिनुपर्ने व्यवस्था छ ।<br>मुलुकी देवानी संहिता २०७४ को दफा ३०७ मा सरकारी, सार्वजनिक वा सामुदायीक जग्गामा निजी वा सार्वजनिक प्रयोजनको लागी कसैले पनि कुनै संरचना बनाउन हुंदैन । सो नियम विपरीत कसैले कुनै संरचना बनाउन लागेमा प्रमुख जिल्ला अधिकारी र स्थानीय तहले यस्तो कार्य तुरुन्त रोक्नु पर्ने व्यवस्था रहेको छ । संरचना बनाइसकेको भए संरचना भत्काउन १५ दिनको म्याद दिनुपर्ने व्यवस्था छ । निजले नभत्काएमा प्रमुख जिल्ला अधिकारी वा स्थानिय तहले भत्काउनुपर्ने प्रावधान रहेको छ ।<br>मूलुकी अपराध संहिता २०७४ को दफा १४७ बमोजिम सामुदायिक वा सार्वजनिक जग्गा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्वस्वीकृति विना दर्ता गरी वा नगरी कसैले पनि आफ्ना बनाउन नहुने, कब्जा गर्न, आवाद गर्न वा अतिक्रमण गर्न नहुने, त्यस्तो कसुर गरे गराएको ३ वर्ष सम्म कैद वा तीस हजार रुपैया सम्म जरीवाना वा दुबै सजाय हुने व्यवस्था रहेको देखिन्छ ।<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा(४) खण्ड(ङ) बमोजिम स्थानीय स्तरमा सार्वजनिक खाली जग्गामा वृक्षारोपण, संभार, उपयोग र व्यवस्थापनको अधिकार स्थानीय तहलाई रहेको र ऐ.ऐनको दफा ३९(ग) बमोजिम सार्वजनिक जग्गा मिचि बनाइएको भवन प्रमुख प्रशासकीय अधिकृतले इन्जिनियर खटाई जाँचबुझ गरी प्रमुख समक्ष प्रतिवेदन पेश गर्नुपर्ने र प्रमुखले उक्त भवन भत्काउन आदेश दिनुपर्ने व्यवस्था छ । भत्काउनु अघि प्रमुखले भवन निर्माण गर्ने व्यक्तिलाई सफाई पेश गर्ने मौका दिनुपर्ने देखिन्छ । यस्तो |

| | | |
|---|---|---|
| | | निर्णयमा चित नबुझ्ने पक्षले सूचना पाएको ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्ने व्यवस्था छ ।<br>तसर्थ, ऐ. ऐनको दफा ९७ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको सरकारी, सामुदायिक र सार्वजनिक सम्पत्तीको संरक्षण गर्नुपर्ने प्रावधान छ ।<br>माथि उल्लिखित कानुनी आधारहरुबाट उल्लिखित ५ वटा संस्थाहरुले कानुन विपरीत कार्य गरी सार्वजनिक संपत्ती अतिक्रमण गरेको देखिन्छ । त्यसैले, देहायका संस्थाहरुलाई १५ दिन भित्र आ-आफ्ना सामाग्री अन्यत्र स्थानान्तरण गर्न अन्तिम पटक पत्राचार तथा सार्वजनिक सूचना प्रकाशन गर्ने । जुन संस्थाले तोकिएको अवधि भित्र आफ्ना सरसामान सारी अन्यत्र लग्दैनन् त्यस्ता संस्था रहेको भवन स्थानीय प्रशासन तथा प्रहरीको सहयोगमा खाली गराई खाली गराउँदा फेला परेका सामान प्रचलित कानुन बमोजिम लिलाम गरी रकम धरौटी खातामा जम्मा गर्ने र सम्बन्धित संस्थाहरु सो रकम माग गर्न आएमा रकम फिर्ता दिने ।<br>देहाय<br>१. पुष्पलाल अध्ययन केन्द्र<br>२. पुष्पलाल स्मृति प्रतिष्ठान<br>३. नारायणी नदि किनारको **City Banquet**<br>४. बालकुमारी ईङ्गलिस स्कुल<br>५. बालकुमारी कलेजले चलाएको नर्सिङ कलेजको भवन |
| ज. | आर्थिक सहायता सम्बन्धमा । | • वडा नं. ६ निवासी श्री तुलसी प्रसाद तिमिल्सेनालाई मुटु सम्बन्धी रोग उपचारको लागि रु ५०,०००।- (अक्षेरेपि पचास हजार मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. ६ निवासी श्री प्रेम बहादुर घर्तीलाई पेट सम्बन्धी रोगको उपचारको लागि रु १,००,०००।- (अक्षेरेपि एक लाख मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. १२ निवासी श्री अम्बिका घिमिरे वडास्तरीय खेलकुदको क्रममा घाइते भएको हुँदा उपचारको लागि रु २०,०००।- (अक्षेरेपि बिस हजार मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. १४ निवासी श्री जमुना उपाध्याय क्यान्सर रोगको उपचारको लागि रु ६०,०००।- (अक्षेरेपि साठी हजार मात्र) आर्थिक सहयोग गर्ने । |

| | | |
|---|---|---|
| | | • वडा नं. २३ निवासी श्री राजु भट्टराईलाई कलेजो सम्बन्धी रोगको उपचारको लागि रु ५०,०००।- (अक्षरेपि पचास हजार मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. २३ निवासी स्व. सुरेस महतोको मोटरसाईकल दुर्घटनामा मृत्यु भएको हुँदा किरिया खर्चकोलागि निजको परिवारलाई रु २५,०००।- (अक्षरेपि पच्चिस हजार मात्र) आर्थिक सहयोग गर्ने ।<br>• वडा नं. २८ निवासी श्री सरिता कुमालले विष सेवन गरी उपचाररत रहेको हुँदा उपचारको लागि रु ५०,०००।- (अक्षरेपि पचास हजार मात्र) आर्थिक सहयोग गर्ने । |